# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०८।१३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सिन्धुली, साविक जलकन्या गाउँ विकास समितिको कार्यालयका तत्कालीन सचिव विष्णु प्रसाद भण्डारीले गाउँ विकास समितिको विभिन्न शीर्षकमा विनियोजित रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा जिल्ला सिन्धुली, साविक जलकन्या गाउँ विकास समिति (हाल कमलामाई नगरपालिका, वडा नं. ३) का तत्कालीन गा.वि.स. सचिव (हाल नायब सुब्बा, मालपोत कार्यालय, लगनखेल, ललितपुर) विष्णु प्रसाद भण्डारीले आ.व. २०७०/०७१ मा तत्कालीन प्राविधिक सहायक (हाल कमलामाई नगरपालिका, ३ नं. वडा कार्यालयका वडा सचिव) वीरेन्द्र कुमार देवकोटाको नाममा तीन महिनाको तलबभत्ता बढी भुक्तानी भएको देखाई रु.५८,३२९।- रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिँदा निजले हिनामिना गरेको रु.५८,३२९।— (अन्ठाउन्न हजार तीन सय उन्तीस रूपैयाँ) बिगो कायम गरी निज विष्णु प्रसाद भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय गरी हिनामिना, हानिनोक्सानी गरेको बिगो भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरेको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला